# पुनर्निर्माणका लागि पालिका स्तरीय घुम्ती  कोष, गोरखा

## पृष्ठभूमी

पालिका स्तरीय घुम्ती कोष सम्बन्धि अवधारणा सर्वप्रथम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका पूर्ब कार्यकारी अधिकृत, श्री गोविन्द राज पोख्रेलले आषाढ १० ,२०७४ मा पुनर्निर्माण सम्बन्धी कार्यक्रम, गोरखामा आउनु हुँदा दिनु भएको सल्लाह अनुसार आरुघाट गाउँपालिकाका अध्यक्ष, श्री पूर्ण बहादुर दहालले सो सुझाबलाई ब्यबहारमा कार्यान्वयन गर्न कार्य बिधि निर्माण गरी घुम्ती  कोषको अवधारणालाई अगाडी बढाएका हुन् । यस दस्तावेज उक्त कोषको संरचना तथा व्यवस्थापनका बारेमा संक्षेपीकरण गर्नुका साथै, सो कोषबाट ऋण लिई फिर्ता गरेका घरधूरीको विभिन्न पक्षका बारेमा जानकारी प्रदान गर्नुका साथै, गोरखाका अन्य गाउँपालिकाले यस अवधारणाको कसरी सिको गरी लागु गरेका छन् र यस्तो कोषलाई थप विस्तार गर्ने सम्बन्धमा लिन सकिने भावी कदमहरू प्रस्तावित गर्दछ ।

मानव तथा आर्थिक श्रोत नभएका असहाय  लाभग्राहीले आफ्नो घरको जग निर्माण गर्न सहयोग गर्ने र नेपाल सरकारको आवास पुनर्रनिर्माण सम्बन्धि अनुदानको दोश्रो किस्ता प्राप्त गर्न सहयोग गर्ने उद्देश्यका साथ पालिका स्तरीय घुम्ती कोषको स्थापना गरिइको हो । घुम्ती  कोषबाट रकम प्राप्त गर्ने घरधूरीले सरकारबाट दोश्रो किस्ता बापतको रकम प्राप्त गर्ने बित्तिकै सो घुमति कोषबाट लिएको रकम फिर्ता गर्नुपर्ने हुन्छ र सो रकम फेरी अर्को धरधूरीलाई सहयोगका लागि उपलब्ध हुन्छ ।

## घुम्ती  कोषको संरचना तथा व्यवस्थापन

आरूघाट गाउँपालिकामा घुम्ती  कोषको संरचना तथा व्यवस्थापनलाई “ भूकम्प पिडित सहयोग  घुम्ती  कोष संचालन सम्बन्धि कार्यविधि – २०७४” अन्तर्गत व्याख्या गरिएको छ जुन गाउँ कार्यपालिकाले मिति २०७४/०६/७ निर्णय गरी कार्यान्वयन शुरु गरिसकेको उक्त कार्यविधिलाई हिउँदे गाउँसभाबाट अनुमोदन साथ पारित गरिएको थियो । सो कार्यविधि यस दस्तावेजको अनुसूचीमा राखिएको छ।

## घुम्ती  कोषको संरचना निम्नानुसार रहेको छः

- आरूघाट गाउँपालिकाले घुम्ती  कोषमा  ने. रू. १,०००,००० (१० लाख) जम्मा गरेको छ।
- प्रति घरधूरीले अधिकतम रू. १००,००० (१ लाख) सम्मका लागि निवेदन दिन सक्ने छ।
- कोष प्राप्त गर्न चाहने निवेदकलाई वडा अध्यक्षले सिफारिस  गर्नुपर्नेछ र निजले छनौटका शर्तहरू पूरा गरेको हुनुपर्ने छः एकल महिला वृद्ध, अति गरीब परिवार, अपांगता भएका व्यक्ति भएको घरधूरी र आफ्नो जग पूरा गर्न संघर्ष गरीरहेका र सरकारि अनुदानको दोश्रो किस्ता प्राप्त गर्न कठिनाई भैरहेका व्यक्तिहरू ।
- वडा अध्यक्षले सम्बन्धित घरधूरीले सो कोषबाट प्राप्त रकम कसरी प्रयोग गर्छन् भन्ने कुराको अनुगमन गर्नुपर्ने छ र राष्ट्रिय पुनर्निर्माण संहिता र मापदण्ड अनुरूप निर्माण गरी रहेको कुरा समेत अनुगमन गर्नुपर्ने छ ।
- वडा अध्यक्षले बैंकहरू संग सहकार्य गरी वडा अध्यक्षको सिफारिस नभए सम्म घुम्ती  कोषबाट सहयोग प्राप्त गर्ने व्यक्तिले दोश्रो किस्ता बापतको रकम आफ्नो बैंक खाताबाट निकाल्न नसक्ने कुरा सुनिश्चित गर्दछन् ।

- कोषको व्यवस्थापनका लागि घुम्ती  कोष सञ्चालन सहयोग समिति जिम्मेवार हुन्छ। गाउँपालिकाका उपाध्यक्ष समितिको संयोजकत्वमा ३ सदस्यीय उप समिति गठन गरिएको छ ।
- आवास पुनर्रनिर्माणको अवधी भरी नै घुम्ती  कोष क्रियाशील रहनेछ । आवास पुनर्रनिर्माण सकिएपछी, सो कोषको रकम गाउँपालिकाको कार्यपालिका निर्णय अनुसार अन्य क्रियाकलापमा खर्च गरिनेछ ।

## घरधूरीको परिप्रेक्ष्य

आरुघाट गाउँपालिकाको घुम्ती  कोषको पहिलो ऋण फाल्गुन ८, २०७४ देखी वितरण शुरू गरिएको हो र हालसम्म ३० घरधूरीले सो घुम्ती  कोषको रकम प्रयोगको लागि निबेदन पेश गरेका छन् भने २० घरधूरीले ऋण लिएका मध्ये १३ घरधुरी  ऋण बापतको रकम कोषमा फिर्ता समेत गरी सकेका छन् । एचआरआरपिले(HRRP) ऋण बापतको रकम कोषमा फिर्ता गरेका ४ घरधूरीसंग कुराकानी समेत गरेको छ ।

सो रकम प्राप्त गर्ने ४ जनामा, दुई जना एकल महिला हुन् । सो कोषको रकम प्राप्त गर्ने एकजनाले, सरकारी अनुदान अन्तर्गत  प्राप्त पहिलो किस्ताको रकम दशैंका लागि खर्च गरेको र अर्कोले आफनो स्वर्गीय श्रीमानको क्यान्सर रोगको उपचारमा खर्चेका थिए भने बाँकी दुईजनाले पहिलो किस्ता बापतको रकम आफ्नो घरको पुनर्निर्माणकै लागि बचत गरेका थिए । एकजनाले घुम्ती  कोषको रकम ऋण लिएका आफ्ना छिमेकीका लागि सिफारिस गरेका थिए । एकजना प्रापकले कोषको रकम चार महिनामा फिर्ता गरे भने, अर्कोले ३ महिनामा फिर्ता गरेका थिए । बाँकी दुईजनाले २ महिनामै चुक्ता गरेका थिए । चार मध्ये एकजनाले कुनै पनि ऋण नलिएको र ऋण लिने योजना समेत नहेको बताए भने बाँकी तीनजनाले सप्तकोशी सहकारीबाट १ वर्षका लागि, वार्षिक १६% ब्याज दरमा  ४०,००० रूपैंया ऋण लिएको बताए । सबैले लामो समयका लागि ठूलो रकम प्रदान गर्ने गरी घुम्ती  कोषलाई थप सुधार गर्न सकिने सल्लाह दिए भने एकजनाले यस्तो घुति कोषलाई जिविकोपार्जन समबन्धि क्रियाकलापमा समेत विस्तार गर्न सके उचित हुने सल्लाह दिएका थिए ।

## पालिका स्तरीय घुम्ती  कोष सिको गरी अन्यत्र लागु गर्ने

हालसम्म आरूघाट गाउँपालिकाले मात्र यस पहललाई सफलतापूर्वक लागु गरेको छ। तथापि, हाल गोरखामा , आरूघाट गाउँपालिकाबाट प्रमाणमा आधारित सिकाईको आधारमा तीन गाउँपालिकाले यस घुम्ती  कोषको अवधारणालाई लागु गरेका छन्।

- **धार्चे गाउँपालिका**ः घुम्ती  कोषका लागि ने रू १०००००० (१० लाख)  बजेट प्रस्तावित गरिएकोमा  गाउँसभाले ने रू १००००० ( १ लाख) मात्र पारित गर्यो। घुम्ती  कोषको वितरण कार्य भने अझै शुरू भएको छैन।
- **शहीद लखन गाउँपालिका**ः यस वर्षका लागि ने रू ९००,००० (९ लाख) अर्थात्, प्रत्येक वडाका लागि रू १००००० (१ लाख) प्रास्तावित गरिएको, गाउँसभाले  भने पारित गरी सकेको छैन। गाउँपिकाले भने अर्को वर्षका लागि सो रकम दुई गुणाले बढाउने तर्फ विचाराधीन छ। कोषको वितरण हालसम्म पनि शुरू भएको छैन ।
- **गण्डकी गाउँपालिका**ः घुम्ती  कोष संचालन गर्ने योजना रहेको तर गाउँसभाले बजेटको सम्बन्धमा भने निर्णय गरी सकेको छैन ।

## भावी कदम

पालिका स्तरीय घुम्ती  कोषको अवधारणा हाल अत्यन्तै सानो स्तरमा लागु भएको छ  तर  यसले निरन्तर बढ्दो ऋणको स्तर र कालान्तरमा ऋणको भारलाई समेत न्यून गर्ने र हटाउने संभाव्य परिवर्तनकारी उपाय समेत प्रदान गर्दछ।

यस आवधारणालाई विस्तार गर्न निम्न तवरबाट सहयोग गर्न सकिने छः

- भूकम्प प्रभावित सबै गाउँपालिकामा घुम्ती  कोष स्थापनामा आर्थिक सहयोग वा सहकार्यका उपायहरूका लागि राष्ट्रिय स्तरमा साझेदार संस्था तथा दातृ निकायहरू समक्ष यस अवधारणाको प्रवर्धन।
- पालिकाहरूलाई आरूघाट गाउँपालिका भ्रमण गर्न यसको अनुभवबाट सिक्नका लागि भ्रमणको सहजीकरण
- सो अवधारणाका बारेमा छलफल गर्न र साझा पद्दतीको विकास गर्न सबै पालिकाहरूसंग जिल्ला स्तरमा कार्यशाला।
- यस अवधारणाको प्रवर्धन तथा वकालतका लागि गाउँपालिकाको राष्ट्रिय महासंघ नेपाल (NARMIN) तथा नेपाल नगरपालिका संघ (MUAN)  संग सहकार्य गरी यी संघका संजालहरूको प्रयोग
- एचआरआरपि(HRRP)को  जिल्ला समन्वय टोली (DCTs) ले पालिका स्तरीय समन्वय बैठक तथा फिल्ड भ्रमणका क्रममा यस अवधारणालाई प्रवर्धन गर्ने र पालिका स्तरमा यस अधारणाको प्रवर्धनका लागि पुनर्निर्माणका अन्य पक्षहरूसंग कार्य गर्ने
- पुनर्निर्माणमा प्रगतीका लागि कठिनाई भोगीरहेका घरधूरीको उच्च्तम संख्या भएका पालिकाहरूको पहिचान गरी यस्ता क्षेत्रमा पालिका स्तरीय घुम्ती  कोषलाई लक्षित गर्ने

अनुसूचीः **भूकम्प पिडित सहयोग घुम्ती कोष संचालन कार्यबिधि -२०७४**

**आरुघाट गाउँपालिका**

कार्यपालिका बाट स्वीकृत मिति:- २०७४/६/७

**पृष्ठभूमि :-**

गोरखा जिल्ला आरुघाट गाउँपालिका द्वारा संचालित यस "भूकम्प पिडित सहयोग घुम्ती कोष" लाई ब्यबस्थित ढंगबाट संचालन गर्न निम्न कार्यविधि अबलम्बन गरिने छ I आरुघाट गाउँपालिका भित्रका भूकम्प पछि घर पुनर्निर्माण गर्न प्रथम किस्ताको रकम रु.५०,००० बुझी आर्थिक तथा मानबीय समस्याले गर्दा घर निर्माण सुरु गर्न नसकेका अतिबिपन्न, दलित, अपाङ्ग असहाय एबम एकल महिला आदिलाई दोस्रो किस्ता बापतको रकम प्राप्त नहुदा सम्म सापटी स्वरुप गाउँपालिकाले रु.१,००,०००(एक लाख) सम्म रकम उपलब्ध गराउने र दोस्रो किस्ता पाप्त भएपछि भुक्तानी गर्ने गरी बिना ब्याज सहयोग गरिने छ I

**संक्षिप्त नाम र प्रारम्भ :-**

यस कोषको नाम **"भूकम्प पिडित सहयोग घुम्तीकोष"** नामाकरण गरिएको छ I यो कार्यविधि २०७४/६/८ गते बाट लागु हुनेछ I

**उद्देश्य :-**

मानव तथा आर्थिक श्रोत नभएका अति बिपन्न दलित,एकल महिला, असहाय/अपांग तथा संकटापन्न घरधुरीहरुलाई घर पुननिर्माण गर्न सहज बनाउन रकम सापटी दिने उद्देश्य रहेको छ I

**कोष संचालन कार्यविधि २०७४**

१. यो कोषमा आरुघाट गाउँपालिकाबाट एकमुस्ट रु.१०,००,०००/- (दश लाख ) उपलब्ध गराइने छ I

२. यसको नियन्त्रण तथा रेखदेख गर्ने जिम्मेवारी आरुघाट गाउँपालिका संग र संचालन गर्ने जिम्मेवारी घुम्ती कोष उपसमितिको हुनेछ I

३. यो कोषको रकम उपलब्ध गराउन सम्बन्धित वडाका वडा अध्यक्षको सिफारिस आबश्यक पर्ने छ I

४. रकम माग गर्ने ब्यक्तिले घर बनाउन सुरु गरेको हुनु पर्ने छ I

५. घर भूकम्प प्रतिरोधी एबम मापदण्ड अनुसार बनाउनु पर्ने छ I

६. रकम प्राप्त गर्ने व्यक्तिको दोस्रो किस्ता प्राप्त भएपछि यस कोषमा रकम फिर्ता गराउन सम्बन्धित वडा अध्यक्षको जिम्मेवारी हुनेछ I

७. यो घुम्तीकोष भएकाले पहिलो लाभग्राहीबाट फिर्ता आएको रकम अन्य व्यक्तिलाई सापटी स्वरुप प्रदान गरिने छ I

८. यदि सापटी लिएको ब्याक्तिले दोश्रो किस्ता रकम प्राप्त भएपछि कोषमा रकम फिर्ता नगरेमा सम्बन्धित वडा अध्यक्षले तेस्रो किस्ताको लागि सिफारिस गरिने छैन I

९. यसरी कोषको रकम लिने लाभाग्राहिको खाताको दिश्रो किस्ता रकम झिक्दा वडा अध्यक्षको सिफारिस अनिबार्य गर्न बैंक संग समन्वय गरिनेछ I

१०. कुनै कारणबस रकम फिर्ता नगरेमा वडा तथा गाउँपालिका बाट दिने सम्पूर्ण सेवा,सुबिधा, सिफारिस एबम अन्य कागजात रोक्का गरिनेछ I

११. लक्षित बर्गको घर बनिसकेपछि यस घुम्ती कोषको रकम आरुघाट गाउँपालिकाले तोकेको क्षेत्रमा परिचालन हुनेछ I

१२. यस कार्यविधि को व्याख्या र स्पष्टता पार्ने अधिकार गाउँ कार्यपालिकाको हुने छ I

१३. यस घुम्ती कोष संचालन सम्बन्धि नीति/नियम आबश्यकता अनुसार संसोधन एबम परिमार्जन गर्ने अधिकार गाउँपालिकामा हुनेछ I